# प्रेश विज्ञप्ति

सर्वसाधारण लगानीकताहरु तथा शेयर दलाल व्यवसायीहरु समेतबाट धितोपत्र दाखिल खारेज गर्न निवेदन परेमा सम्बन्धित कम्पनीले निवेदन परेको १५ दिनभित्र दाखिल खारेज गर्नुपर्ने भएपनि सो नभइरहेको गुनासो आइरहेको सनदर्भमा यस नेपाल स्टक एक्सचेञ्त्रजले सम्बद्ध पक्षहरुको सहभागीतामा मितिः २०६५/७/२९ गते शुक्रवार एक अन्तर्क्रिया कार्यक्रम संचालन गरेको छ । कार्यक्रममा स्टक एक्सचेञ्ज सूचिकृत कम्पनी र दलाल व्यवसायीका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा स्टक एक्सचेञ्जका महाप्रवन्धक रेवत बहादुर कार्कीले नामसारी तथा हस्ताक्षर प्रमाणीकरणका सम्बन्धमा बढीरहेको गुनासोलाई सम्बोधन गर्न सवै पक्षको सहकार्य हुनुपर्ने बताउनु भएको थियो । उहाँले यहि मंसीर १ देखि स्टक एक्सचेञ्जले शेयर नाामसारीका लागि निवेदन प्राप्त गरेको १५ दिनभित्र नामसारी गरी नपठाउने साथै धितोपत्र कारोवार हुनु अघि दाखिला खारेज निवेदनमा दस्तखत प्रमाणित गर्दा आवश्यक सावधानी नअपनाउने कम्पनीको शेयर कारोबार स्थगीत गरी कार्वाही प्रक्रिया अघि बढाउन लागेको सन्दर्भमा सरोकारवालाहरुको त्रिपक्षिय अन्तक्रिया कार्यक्रम गरिएको जानकारी दिनुभयो । ‘यसका लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित सवैलाई कात्तिक मसान्त सम्मको समय दिएका छौं’- उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल इन्स्टिच्युट अफ कम्पनी सेक्रेटरीजका अध्यक्ष विनय रेग्मीले कम्पनी नामसारी प्रक्रियालाई सहज बनाउन एकअर्कामा दोषारोपण नगरी पारस्परिक सहयोगमा काम गर्न सकिने बताउनुभयो । ‘ कम्पनी ऐनमा व्यवस्था भएपनि १५ दिन अगाडी नै शेयर दाखिल खारेजको प्रक्रिया सम्पन्न गर्न सकिन्छ’- उहाँले बताउनुभयो । उपत्यका बाहिर रहेका कम्पनीको हकमा भने उल्लेखित प्रावधान व्यवहारीक नभएकोले यसमा पुनर्विचार गर्नुपर्ने उहाँले औल्याउनुभयो ।

यसैगरी नेपाल धितोपत्र दलाल व्यवसायी संघका महासचिव अञ्जन राज पौडेलले नामसारी प्रक्रियालाई छिटोछरितो बनाउन सम्बद्ध सवै पक्षको सहकार्यमा जोड दिनुभयो । उहाँले शेयर लगानीकर्तालाई सम्बद्ध कम्पनीको मालिक ठानेर सोही अनुसार व्यवहार गरेको खण्डमा नामसारी लगायतका प्रक्रिया सहज हुने विचार व्यक्त गर्नुभयो ।

अन्तक्रिया कार्यक्रमका अन्य सहभागीहरुले शेयर रजिष्ट्रारको रुपमा काम गर्ने संस्था, उसले लिने शुल्क, उपत्यका बाहिर रहेका कम्पनीले शेयर रजिष्ट्रेशन प्रयोजनका लागि काठमाडौंमा सम्पर्क कार्यालय खोल्ने, धितोमा राखिएको शेयर फुकुवा नहुदै विक्रीमा जाने, नामसारी प्रक्रियालाई समसामयिक बनाउनुपर्ने लगायतका समस्या उठाएका थिए । उल्लेखित सम्पुर्ण मुद्दालाई समग्रमा समाधान गर्न स्टक एक्सचेञ्ज, सूचिकृत कम्पनी र शेयर दलाल व्यवासायीको एक कार्यदल निर्माण गर्ने सहमती कार्यक्रममा भएको छ ।

मिति : २०६५/७/२९